बैठक नं. १५

आज मिति २०७९ माघ २२ गते आइतबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १५ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण वहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर वहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद वाचे | सदस्य | |
| १२ | श्री बलिराम सापक्टो | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | गोपाल थापा |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | सुरेश |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछ्रान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

**१५ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ माघ २२ गते**

१। शिक्षा विकास योजनाको प्रस्तुतीकरण सम्बन्धमा,
२। प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा,
३। तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा,
४। विविध

देवचुली नगरपालिकाको पन्ध्रौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। चौधौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। देबचुली नगरपालिकाको १० बर्षे शिक्षा विकास योजना/रणनीति तर्जुमा गर्ने विषयमा सरोकारबालाहरु सबैको उपस्थितीमा प्रारम्भिक चरणको गोष्ठि गरी सुझाव लिने काम भयो ।

३। देवचुली न.पा वडा नं १२ मुक्ती क्षेत्र (साविक प्रगति नगर ८ ख) टोलमा बम बहादुर काफ्ले, टिकीसरा काफ्ले, निममाया क्षेत्री/सिर्जना अधिकारी, चित्र बहादुर काफ्ले, सागर काफ्ले, कृष्णा ढकाल, तिलप्रसाद काफ्ले/हिमलाल काफ्लेको नाममा दर्ता कायम रहेको कित्ता नं. ११६८, ११७४, ११७३, ११६७, ११६९, ११८६, ११८७, ११८५ र २६७ को जग्गा बाट खनिजजन्य पदार्थको (माटो, ढुंगा) दिगो तथा वातावारणमैत्री रुपले उत्खनन संकलन गर्ने कार्यका लागी प्रारम्भिक वातावारणीय परिक्षण (IEE) गर्न नगरपालिकाबाट अध्ययनको कार्यसूची (TOR) स्वीकृत भई अध्ययन गरेकोमा प्रारम्भिक बातावरणीय अध्ययन सम्बन्धी सम्पुर्ण प्रकृया पुरा गरी सम्बन्धित परामर्शदाताबाट प्रतिवेदन पेश हुन आएको हुनाले परामर्शदाताबाट पेश भएको प्रारम्भिक बातावरणीय प्रतिवेदन स्वीकृत गर्ने । उत्खनन्का क्रममा देहायका शर्तहरु पालना गर्नुपर्ने ।

शर्तहरु

क) कित्ता नं. ११६८, ११७४, ११७३, ११६७, ११६९, ११८६, ११८७, ११८५ र २६७ को कित्तासंग जोडिएको ऐलानी जग्गालाई असर नपर्ने गरी उत्खनन् गर्नुपर्नेछ ।

ख)उत्खनन्स्थलमा रहेका साल सिसौ जस्ता रुखहरु हटाउन/मास्न पाइने छैन । उत्खनन भएको माटो ढुङ्गा आदि देवचुली नगरपालिका क्षेत्रभित्र प्रयोगका लागि उपलब्ध गराउनुपर्नेछ ।

ग)उत्खनन्को क्रममा निस्कने ढुङ्गा अलग्गै राखी सोको नियमानुसार छुट्टै राजश्व तिर्नुपर्नेछ ।

घ) कुल ३१९९५.५ घनमिटर माटो उत्खनन गर्न पाइने छ । सो भन्दा बढी उत्खनन् गरेको पाइएमा नगरपालिकाले नियमानुसार जरीवाना गरी उत्खनन् कार्य तुरुन्त बन्द गराउने छ ।

ङ) उत्खनन् हुने माटोको राजश्व साधारण माटो सरह प्रति घनफिटको रु. २ का दरले रु. २२,५९,८४३।० राजश्व नगरपालिकामा बुझाउनु पर्नेछ । नियमानुसार लाग्ने मु.अ.कर आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

च) जग्गा धनी श्री बम बहादुर काफ्ले, टिकाराम काफ्ले, मिनमाया क्षेत्री/मिलेना अधिकारी, चित्र बहादुर काफ्ले, सागर काफ्ले, कृष्णा ढकाल, तिलप्रसाद काफ्ले/हिमलाल काफ्लेको तर्फबाट एस.डि. सप्लायर्सलाई उत्खनन अनुमति दिने ।

छ) उत्खनन र ढुवानी कार्यमा प्रयोग हुने मेसिन तथा सवारी साधन, उत्खनन समय नगरपालिकाले दिने अनुमति पत्रमा उल्लेख हुने ।

४। देवचुली नगर अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ को बुदा ४ बमोजिमको समितिमा देहायका व्यक्तिहरुलाई सदस्यका रुपमा तोक्ने ,

- वडाध्यक्षको तर्फबाट श्री कृष्ण बहादुर केसी, हेमनाथ पौडेल र श्री तिलप्रसाद काफ्ले
- अस्पतालको पूर्व अध्यक्ष मध्येबाट श्री एकदेव पौडेल,
- महिला सदस्यको तर्फबाट श्री पार्वता कँडेल
- विषय विज्ञको तर्फबाट श्री पारस खनाल

५। देवचुली नगरपालिका बीमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०७९ लाई स्वीकृत गर्ने,

६। व्यक्तिले आफ्नो स्वामित्वमा रहेको निजी जग्गालाई खेति/कृषि योग्य बनाउन जमिन सम्याउने र यसरी सम्याउदा निस्कने माटो ढुङ्गा नियमानुसार राजश्व तिरी बिक्री/निकासी गर्न पाउ भनी अनुमति माग गर्ने र नगरपालिकाले स्थलगत निरीक्षण गरी आवश्यक प्रकृया पुर्‍याएर अनुमति दिने गरेकोमा अनुमति प्राप्त गर्ने व्यक्तिले नगरपालिकाबाट प्राप्त अनुमति भन्दा बढी परिमाणमा उत्खनन गरी वा नगरपालिकाले उपलब्ध गराएको रसिद/कुपन नक्कली बनाई चोरी निकासी गरी नगरपालिकालाई आउने राजश्वमा हानी नोक्सानी पुर्‍याएको, नगरपालिकाबाट अनुमति नै नलिई व्यक्तिको निजी जग्गा वा सार्वजनिक जग्गाबाट उत्खनन गरी चोरी निकासी गरेको अवस्थामा चोरी निकासी गर्ने टेक्टर, ट्रक वा टिपरलाई पक्राउ गरी देहाय बमोजिम जरिवाना दर तोक्ने,

क) टेक्टर प्रतिपटक रु. १५ हजार,

ख) ट्रक/टिपर प्रति पटक रु. ३५ हजार

७। तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत देहायका योजना माग गर्ने,

क) सुख्खाग्रस्त स्थानमा सिंचाई पोखरी निर्माण गर्ने गरी वडा नं. १२ र १६ मा पोखरी निर्माण गर्ने,

ख) बेलधर नयाँछाप हुदै कुमसोत सडक स्तरउन्नती,- ६,

ग) कृषि उपज बिक्री स्थल निर्माण तथा मिनि कोल्ड रुम निर्माण तथा मर्मतसम्भार वडा नं. १३

घ) बाह्रकोल बेलस्वारा सडक स्तरउन्नती वडा नं. १६

ङ) गन्दरमा चोक देखि कालिका स्कुलसम्म सडक कालोपत्रे वडा नं. ९

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

८। देवचुली नगरपालिकाले फोहरमैला व्यवस्थापन गरिरहेको अस्थायी फोहरमैला व्यवस्थापन क्षेत्र फोहरले भरिएको र उक्त स्थानमा माटो तथा ग्राभल विच्छ्याई पुर्नुपर्ने भएकोले देवचुली नगरपालिका वडा नं. १३ बौलाहाखोलाको पुल भन्दा माथिबाट करीव १५० टेक्टर गिटी/ग्राभल निकाली पुर्न कार्यालयलाई निर्देशन दिने । साथै सोको जानकारी जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयहरुमा पनि गराउने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत